**सम्पत्ति छानबिन आयोग, २०८३ द्वारा जारी गरिएको**

**सार्वजनिक सूचना।**

**सूचना नं. ४**

**(मिति: २०८३/०३/२९)**

नेपाल सरकारबाट मिति २०८३/०१/०२ को निर्णयानुसार सार्वजनिक जिम्मेवारीको पदमा रहेका राजनीतिक पदाधिकारी तथा उच्च पदस्थ कर्मचारीहरूको सम्पत्ति विवरण सङ्कलन र छानबिन गरी प्रतिवेदन पेश गर्ने प्रयोजनको लागि सम्पत्ति छानबिन आयोग, २०८३ गठन भएकोमा सो आयोग संविधान तथा कानून समेतको प्रतिकूल भएको भनी अधिवक्ता डा. प्रेमराज सिलवालसमेतका तर्फबाट दायर भएको उत्प्रेषण परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्ने रिट नं. ०८२-WO-१२९२, ०८२-WO-१२०६, ०८२-WO-१४०४ समेतको निवेदनमा मिति २०८३/०३/२६ गते सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२)(क) बमोजिम यस आयोगका नाममा अन्तरिम आदेश जारी भएको देखिन्छ । उक्त आदेशमा नेपालको संविधानको धारा २३९ को उपधारा (१) को प्रतिवन्धात्मक वाक्यांसमा उल्लेख भए बमोजिम संविधानमा छुट्टै व्यवस्था भएका बहालवाला न्यायाधीश वा नेपाली सेना वा आयोगको कार्यक्षेत्रमा नपरेका अन्य पदाधिकारी र कर्मचारीको हकमा उजुरी प्राप्त गर्ने, ऐ. संविधानको धारा २३९ (२) मा उल्लेख भए बमोजिमका धारा १०१ बमोजिम महाअभियोग प्रस्ताव पारित भई पदमुक्त भएको व्यक्ति, न्यायपरिषद्बाट पदमुक्त भएका न्यायाधीश र सैनिक ऐन बमोजिम कारबाही भएका व्यक्ति बाहेकका अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेतको अनुसन्धानको दायरामा नपर्ने पूर्व न्यायाधीश समेतका व्यक्तिहरूलाई निजहरूको सम्पत्ति विवरण पेश गर्न बाध्य गर्ने, निजहरूबाट पेश भएको सम्पत्ति विवरण वा निजहरूको उजुरीमा आयोगको गठन सम्बन्धी मिति २०८३/०१/०२ को नेपाल राजपत्रको सूचनाको दफा (२) को खण्ड (ङ) बमोजिम छानबिनको दायरा निर्धारण भएमा नेपालको संविधान र प्रचलित कानूनको प्रतिकूल भई अपूरणीय क्षति हुने स्थिति देखिदा प्रस्तुत रिट निवेदन पूर्ण इजलासबाट अन्तिम टुङ्गो नलाग्दासम्म कसैलाई पनि सम्पत्ति विवरण पेश गर्न बाध्य नपार्नु, पेश हुन आएको सम्पत्ति विवरण उपर छानबिन गर्ने कार्य यथास्थितिमा राख्नु र कसै उपर पनि कुनै किसिमको कानूनी कारबाहीका लागि सिफारिस नगर्नु/नगराउनु भनी उल्लेख गरेको देखियो ।

उक्त आदेशबाट नेपालको संविधानको धारा २३९ (१) को प्रतिवन्धात्मक वाक्यांसमा उल्लिखित संविधानमा छुट्टै व्यवस्था भएका पदाधिकारीहरू र धारा २३९ (२) मा उल्लिखित पूर्व न्यायाधीश लगायतका संवैधानिक पदाधिकारी तथा कार्यसम्पादन शर्तमा तोकिएका नेपाली सेनाको पूर्व अधिकृतहरुको हकमा नेपाल राजपत्रको दफा २ को खण्ड (ङ) बमोजिम छानबिनको दायरामा नपार्नु भन्ने देखिन आएकोले सो बाहेकका राजनीतिक र अन्य पदाधिकारीहरूको हकमा सम्पत्ति विवरण सङ्कलन, छानबिन र प्रतिवेदन पेश गर्ने समेतको कार्यमा उक्त आदेशबाट रोक लगाएको भन्ने नदेखिदा सोही अनुसारको सूचना सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशित गरिएको छ ।

**सम्पत्ति छानबिन आयोग, २०८३**

**केशरमहल, काठमाडौं।**

**फोन नं. ०१-४५४६४८८, ०१-४५४६५८८**

**वेव साइटः www.pic.gov.np**